# “पैरवीका लागि लेखन” : मधेश प्रदेशमा पैदल अनुसन्धान पहल

**सोहन प्रसाद साह**

यो पुस्तक मधेश प्रदेशमा पैदल अनुसन्धान पहलको उपज हो । पैदल अनुसन्धान पहलले समाज विज्ञानका क्षेत्रमा अनुसन्धान गर्ने अवसरबाट प्रत्यक्ष/अप्रत्यक्ष रूपमा वञ्चित भएकाहरूलाई समावेश गर्नका लागि पैरवी गर्छ, र भुइँ तहबाट उत्पादन हुने ज्ञानको प्रसारलाई सहज बनाउँछ ।[१] विशेष गरी, भुइँ तहका नागरिकहरूलाई तिनको आफ्नो पैरवीको अभिलेखीकरण गर्ने क्षमताको अभिवृद्धि गर्न र उनीहरूले उठाएका मुद्दाहरूलाई तल्लो तहदेखि प्रादेशिक र राष्ट्रिय तहसम्म पुऱ्याउन सहज बनाउन यो पहलले खोज्छ । त्यसै गरी, अधिकारमा आधारित अनुसन्धान-पैरवीको दायरा फराकिलो बनाउन समेत पैदल अनुसन्धान पहलले मद्दत गर्छ ।

पैदल अनुसन्धान पहलको पहिलो चरणमा नेपालको पश्चिम तराईका तीन जिल्ला (नवलपरासी, रूपन्देही र कपिलवस्तु) मा नोभेम्बर २०१७ देखि जुन २०१९ सम्म परियोजना सञ्चालन गरिएको थियो । पहिलो चरणबाट सिकेका पाठले (मार्टिन चौतारी सन् २०२०; साह र महर्जन सन् २०२०) हामीलाई डिसेम्बर २०२० देखि जनवरी २०२२ सम्म मधेश प्रदेशमा दोस्रो चरण विस्तार गर्न सघायो । मुख्यतः परियोजनाको दोस्रो चरणमा उत्पादन भएका उपज र परियोजना व्यवस्थापन/कार्यान्वयन गर्दाका अनुभवलाई यो परिचय खण्डमा समेटिएको छ ।

[१] यो परिचय मुख्य गरी मार्टिन चौतारीले प्रकाशन गरेको शोध-संक्षेप *“पैरवीका लागि लेखन” : मधेश प्रदेशमा पैदल अनुसन्धान पहल* (मार्टिन चौतारी २०७९) मा आधारित छ ।

दोस्रो चरणका अनुभव र नतिजाबारे छलफल गर्दा तीन ओटा सन्दर्भ ख्याल राख्नुपर्छ । पहिलो, नेपालको ज्ञान-उत्पादन-परिदृश्यमा असमानता छ, जसमा मुख्यतया काठमाडौँ-केन्द्रित नागरिक समाजको वर्चस्व छ । त्यसै गरी, मधेश प्रदेशमा मानविकी तथा समाज विज्ञानको अध्यापन र अनुसन्धानको अवस्था निकै दयनीय छ (मार्टिन चौतारी सन् २०२२)। यी तथ्यलाई ध्यानमा राख्दै पैदल अनुसन्धान पहलले मधेश प्रदेशमा लोकतान्त्रिक रूपमा ज्ञान उत्पादन गर्न भुइँ तहमा आधारित व्यक्तिगत र नागरिक समाजको संस्थागत क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहका सरकारमा बाँडिएको राज्य व्यवस्थामा यो पहलले काठमाडौँ उपत्यका बाहिरबाट उत्पादित ज्ञानको दस्तावेजीकरण गर्दै निश्चित ढाँचामा सोको प्रसार गर्न सघाउने लक्ष्य राखेको छ ।

दोस्रो, पैदल अनुसन्धानको प्रयोग अन्य अनुसन्धान अभ्यासभन्दा भिन्न हुने तर्क गर्न यसलाई "अनुसन्धानको अधिकार" (अप्पादुराई सन् २००६), "आकांक्षिक क्षमता" (अप्पादुराई सन् २००४) र "लोकतान्त्रिक नागरिक अधिकार" (ड्रेज सन् २००२) जस्ता विश्लेषणात्मक कोण प्रयोग गरिएको छ ।[२] यी विश्लेषणात्मक कोणले हामीलाई अनुसन्धानको लोकतन्त्रीकरण गर्ने सम्भावनाको अन्वेषण गर्न मद्दत गर्छन् । अप्पादुराई (सन् २००६) को "दस्तावेजीकरणबाट हस्तक्षेप" को सिद्धान्त अनुसार सामान्य शैक्षिक पृष्ठभूमिका मानिसहरूले पनि अनुसन्धानको अवधारणालाई व्यापक बनाउन ढोका खोल्न सक्छन् । अनुसन्धान गर्ने अधिकार सबैलाई छ; यो औपचारिक उच्च डिग्री भएका व्यक्तिहरूको मात्र विशेषाधिकार होइन—अनुसन्धानको यस्तो परिभाषाले भुइँ तहका अभियन्तामा अनुसन्धानको आकांक्षा उत्पन्न गर्न मद्दत गर्छ, जो औपचारिक शिक्षा, तालिम, मेन्टरिङ, सामाजिक पूँजी, आर्थिक सुरक्षा र सांस्कृतिक/राजनीतिक सम्बन्ध जस्ता ज्ञानका पूर्वाधारको अभाव वा तिनको असमान वितरणका कारण ज्ञान उत्पादन गर्ने कामबाट वञ्चित छन् । हामीलाई थाहा छ, लोकतन्त्रमा सहभागी हुन सामाजिक रूपमा मूल्यवान लक्ष्य प्राप्तिको अधिकारबारे जानकारी हुन आवश्यक छ । पैदल अनुसन्धान पहलको जोड अनुसन्धान/ज्ञान उत्पादनमा आम नागरिकको पहुँच र आकांक्षा अभिवृद्धि गर्नु हो, जसले लोकतान्त्रिक नागरिक अधिकारको अभ्यास गर्न सघाउँछ ।

तेस्रो, पैदल अनुसन्धान प्राज्ञिक अनुसन्धानको अभ्यास होइन, जुन मुख्यतया अनुसन्धान गरिने विषय बारेको पूर्वसाहित्यको जगमा निर्माण हुन्छ । त्यसको सट्टा, यो अभियन्ता/अनुसन्धानकर्ता आफैले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजेको अनुसन्धानसँग सम्बन्धित छ । आफूले जिएको-भोगेको विषयकै वरिपरि अनुसन्धान गर्ने विचार र रणनीति बनाएपछि उनीहरू क्षमता अभिवृद्धि कार्यक्रमको एउटा भागको रूपमा रहेको मेन्टरिङको प्रक्रियाबाट गुज्रन्छन् । यसबाट उनीहरूले आफ्नो पैरवी र अनुभवलाई अभिलेखबद्ध गर्न र अभिव्यक्त

[२] यी विश्लेषणात्मक कोणको संक्षिप्त चर्चाको लागि मार्टिन चौतारी (सन् २०२०) हेर्नुहोस् ।

गर्न सिक्छन् । साथै, उनीहरूले आफ्ना अनुसन्धानका निष्कर्षहरू वर्णन गर्न समेत सिक्छन्, जसले गर्दा समाजमा "विमर्शात्मक लोकतन्त्र" ले प्रश्रय पाउँछ । यो सिकाइ पश्चात् उनीहरूले स्थानीयदेखि केन्द्रीय सरकार सम्मका नीति-निर्माणमा प्रभाव पार्ने र योगदान गर्ने क्षमता अझै बढाउन सक्छन् ।

आउने खण्डमा मधेश प्रदेशमा पैदल अनुसन्धानको योजना कसरी बनाइयो र कार्यान्वयनमा ल्याइयो सोको चर्चा गरिन्छ । त्यस पछिको खण्डमा पुस्तकमा संगृहीत लेखहरूको सारांश प्रस्तुत छ । अन्तिम खण्डको निष्कर्षात्मक टिप्पणीले मधेश प्रदेशमा मानविकी र समाज विज्ञानको शिक्षण र अनुसन्धानमा देखिएका चुनौतीमाझ पनि सामाजिक-राजनीतिक विषयमा प्रयोगात्मक अनुसन्धान गर्ने पहलका रूपमा पैदल अनुसन्धानलाई लिन सकिने सम्भावनामा जोड दिन्छ ।[३]

## मधेश प्रदेशमा पैदल अनुसन्धान

तीन ओटा सन्दर्भलाई ध्यानमा राखी हामीले मधेश प्रदेशमा पैदल अनुसन्धानको योजना बनाएर त्यसको व्यवस्थापन र कार्यान्वयन गऱ्यौँ । पहिलो, विभिन्न स्रोतहरू मार्फत मधेश प्रदेशमा थोर-बहुत अनुसन्धान भइरहेकै छ तापनि त्यहाँका मानविकी तथा समाज विज्ञानका विषय पढाउने कलेजहरूले दक्ष अनुसन्धानकर्ता उत्पादन गर्न सकिरहेका छैनन् (मार्टिन चौतारी सन् २०२२) । साथै, त्यहाँका मानविकी तथा सामाजिक शास्त्र संकायमा हुने पढाइको खस्कँदो अवस्था हेर्दा यो संकट तत्काल हट्ने सम्भावना छैन । तसर्थ, मधेश प्रदेशमा समाज विज्ञानका अनुसन्धानकर्ताहरू तयार पार्ने सन्दर्भमा थोरै भए पनि योगदान हुनसक्ला भनी पैदल अनुसन्धानको अवधारणा कार्यान्वयन गर्ने योजना बनाइएको थियो । यसका लागि हामीले अनुभवजन्य ज्ञान भएका र आफूले अभ्यास गरिरहेका विषयबारे लेख्न इच्छुक व्यक्तिहरू खोजी गऱ्यौँ । ती व्यक्ति स्थानीय रूपमा सक्रिय नागरिक समाजका सदस्य अथवा व्यक्तिगत वा सामूहिक अधिकारका लागि पैरवी गरिरहेका हुनुपर्थ्यो । उनीहरूलाई प्राज्ञिक अनुसन्धानकर्ता बनाउनेभन्दा पनि उनीहरू आफैले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सञ्चालन गरेको वा संलग्न भएको सामाजिक अभियान वा पैरवीलाई लेख्य रूपमा अभिव्यक्त गर्न वा दस्तावेजीकरण गर्न उत्प्रेरित गराउने हाम्रो ध्येय थियो । त्यसैले, खोजीका क्रममा हाम्रो मुख्य ध्यान उनीहरू त्यस्तो काम गर्न हृदयदेखि रुचि राख्छन् कि राख्दैनन् भन्नेमा थियो ।

दोस्रो, सीमित संख्यामा मात्र अनुसन्धानकर्ता सहभागी गराए पनि हामीले लैंगिक, वर्गीय, भौगोलिक र जातीय विविधता सुनिश्चित गर्न सक्दो प्रयास गरेका छौँ । साथै, मधेश प्रदेशमा यसअघि तुलनात्मक रूपमा कम अनुसन्धान भएका सामाजिक घटना, विषयवस्तु

[३] विस्तृत जानकारीका लागि मार्टिन चौतारी (सन् २०२२) हेर्नुहोस् ।

र प्रक्रियाहरू हामीले खोज्यौँ । यो प्रतिनिधित्व र खोजी पैदल अनुसन्धान पहललाई सकेसम्म समावेशी बनाउने हाम्रो प्रयासको एक हिस्सा थियो ।

आफ्नो पैरवी/अनुभवलाई लेख्य रूपमा दस्तावेजीकरण गर्न प्रतिबद्ध पैदल अनुसन्धानकर्ताको खोजी र छनोट प्रक्रिया सन् २०२१ का धेरै महिनासम्म चल्यो । यो क्रममा हामीले शुरूमा ४० जना व्यक्तिसँग सम्पर्क गऱ्यौँ ।[४] ती व्यक्तिसम्म पुग्नुअघि हामीले उनीहरूको पृष्ठभूमिबारे प्राथमिक तथा द्वितीय स्रोतका आधारमा एक चरणको अनुसन्धान गऱ्यौँ । द्वितीय स्रोतका रूपमा, मधेशलाई आधारभूमि बनाई काम गरेका स्वतन्त्र प्राज्ञिक, सामाजिक र मिडिया संस्था तथा तिनमा संलग्न व्यक्तिबारेका विभिन्न प्रकाशन, प्रतिवेदन, आदिको अध्ययन गऱ्यौँ । त्यस्तै, प्राथमिक स्रोतका रूपमा, उपयुक्त व्यक्तिको पहिचानका लागि स्थानीय क्षेत्रमा लामो समय काम गरेका र त्यहाँको सन्दर्भमा प्राथमिकतामा रहेका मुद्दा तथा त्यसमा डुबेर काम गरिरहेका व्यक्तिहरूबारे बुझेका दुई जना सार्वजनिक बौद्धिक व्यक्तित्वको सहयोग र सुझाव पनि लियौँ ।[५] उपयुक्त व्यक्ति पहिचान गर्न र उनीहरूसम्म पुग्न हामीलाई यसले मद्दत गऱ्यो । सामाजिक अभियन्ता र नागरिक संस्थाहरूको मधेश प्रदेशमा रचनात्मक भूमिका सीमित भएकाले यो छनोट प्रक्रिया चुनौतीपूर्ण थियो ।[६] प्रारम्भिक रुचि देखाउनेहरूले एक साताको औपचारिक अभिमुखीकरण कार्यशालामा भाग लिए । स्थानीय तवरमा सान्दर्भिक केही महत्त्वपूर्ण सामाजिक-राजनीतिक मुद्दाबारे सम्बन्धित क्षेत्रका विज्ञहरूले कार्यशालामा प्रस्तुति दिनुका अतिरिक्त सहभागीहरूसँग सघन अन्तर्क्रिया गरे । सहभागीहरूले पनि आ-आफ्ना प्रस्तावित अनुसन्धान अवधारणा पनि कार्यशालामा प्रस्तुत गरे । उपस्थित विज्ञ र अन्य सहभागी प्रशिक्षार्थीहरूले सुझाव र प्रतिक्रिया दिए । आ-आफ्ना अनुसन्धान अवधारणामा गरिनुपर्ने सुधारबारे सहभागीहरूले यसबाट जानकारी पाए ।

तेस्रो, पैदल अनुसन्धानमा सहभागी हुन चाहनेलाई उनीहरूको अनुसन्धान र लेखनका लागि निरन्तरको तालिम र सल्लाह-सुझाव (मेन्टरिङ) जरुरी थियो । एक-दुई पटक भेला गरेर

[४] १५ जना छनोट गर्नका लागि शुरूमा हामीले ४० जनासँग सम्पर्क गरेका थियौँ । ४० जनामध्ये हामीले पहिलो चरणमा २७ जनालाई समाज विज्ञान सम्बन्धी कार्यशालामा निम्त्याएका थियौँ । र, निम्त्याएका मध्ये पहिलो कार्यशालामा १९ जनाको उपस्थिति रहेको थियो । कार्यशालामा सहभागीमध्ये १२ जना दोस्रो चरणको कार्यशालामा सहभागी भए । साथै, पहिलो चरणमा भाग नलिएका थप ३ जनालाई समेत दोस्रो चरणको तालिम/कार्यशाला गोष्ठीमा सहभागी गरायौँ । यी १५ जना सहभागीहरू नै पैदल अनुसन्धान परियोजनाका अनुसन्धाताहरू हुन ।

[५] सप्तरीस्थित दलित सरोकार मञ्चका अध्यक्ष भोला पासवान र पत्रकार चन्द्रकिशोर ।

[६] पैदल अनुसन्धान पहलको पहिलो चरण लागु भएको पश्चिमी तराईमा पनि अवस्था उस्तै थियो (मार्टिन चौतारी सन् २०१९) ।

प्रशिक्षण दिने र घर पठाउने ढाँचाका तालिमहरूका सीमाबारे हामी जानकार थियौँ।[७] त्यसैले, पहिलो अभिमुखीकरण कार्यशालाका सहभागी मध्येबाट र त्यसमा सहभागी हुन नभ्याएका अन्य केही अधिकारकर्मी सहित १५ जनाको एउटा समूह बनायौँ, जो आफूले प्रस्ताव गरेको अनुसन्धान र लेखनका लागि झण्डै एक वर्ष लामो समय दिन र आवश्यक मेहनत गर्न प्रतिबद्ध थिए।[८] र, सो समूहलाई प्रशिक्षण कार्यक्रममा सहभागी गरायौँ। त्यस क्रममा उनीहरूले थप केही चरणका औपचारिक सामूहिक प्रशिक्षण पाउनुका साथै व्यक्तिगत रूपमा तोकिएका मेन्टरहरूबाट आफ्नो अनुसन्धान र लेखनका लागि विभिन्न चरणमा सल्लाह-सुझाव प्राप्त गरे। यी प्रशिक्षण र मेन्टरिङ पैदल अनुसन्धान पहलका मुख्य गतिविधि थिए। छानिएका १५ जना सहभागीका भिन्न क्षमतालाई ध्यानमा राख्दै उनीहरूको आवश्यकता पहिचान गर्नु र सबै अनुसन्धानकर्ताका लागि उपयोगी हुने सामूहिक प्रशिक्षण ढाँचा तयार गर्नु चुनौतीपूर्ण थियो। यस बाहेक, उनीहरूलाई सम्पादकीय सहयोग पनि दिइयो।[९]

## पुस्तकमा संगृहीत लेख

पुस्तकमा संगृहीत जम्माजम्मी एक दर्जन लेखलाई विभिन्न पाँच उपखण्डमा विभाजन गरेर हेर्न उपयुक्त हुन्छ।

### *विभेदका सामाजिक तथा सांस्कृतिक आयाम*

समाजमा विभेद र बहिष्करणका विभिन्न आयाम छन्, जसलाई सक्रिय र निष्क्रिय विभेदको कोणबाट पनि विश्लेषण गर्न सकिन्छ। सक्रिय विभेद त्यस्तो हो जसमा समाजका केही

[७] यसरी दिइने तालिमहरू कतिसम्म कर्मकाण्डी हुन्छन् र तिनको प्रभावकारिता किन देखिँदैन भन्ने बारेको अनुभवात्मक टिप्पणीका लागि भट्ट (२०७७) हेर्नुहोस्।

[८] यस क्रममा उनीहरूको आफ्नो नियमित कामलाई जारी राख्न भने कुनै बाधा थिएन।

[९] पैदल अनुसन्धान पहलमा सीमित संख्यामा मात्र अनुसन्धानकर्ता सहभागी गर्दा मधेश प्रदेशका अन्य थुप्रै सामाजिक, सांस्कृतिक र राजनीतिक मुद्दाहरूलाई यो पुस्तकमा समेट्न सम्भव भएन। उदाहरणका लागि चुरे क्षेत्र लगायत मधेशका पर्यावरणीय विषय, किसान आन्दोलन, शिक्षा, कुपोषण जस्ता विषयमा अनुसन्धान गर्न प्रयत्न गरे तापनि हामी सफल भएनौँ। त्यस्तै, जम्मा १५ जना अनुसन्धानकर्ता यो परियोजनाका लागि छनोट गरिएको भए तापनि एक जनाले अनुसन्धान परियोजना संलग्न हुन व्यक्तिगत कारणले असमर्थता जनाए भने बाँकी दुई जनाले कामको चापले गर्दा आफ्नो अनुसन्धान लेख निश्चित् समय सीमाभित्र आवश्यकता अनुसार थप परिमार्जन गर्न सकेनन्। त्यसैले, यहाँ जम्मा १२ अनुसन्धानकर्ताका लेख मात्र समेटिएको छ। अनुसन्धानकर्ताहरूको भिन्न क्षमता र पृष्ठभूमिले गर्दा विभिन्न चरणमा गरिने लेख संशोधन, परिमार्जन, पुनर्लेखनका बाबजुद लेखहरूको गुणवत्तामा तलमाथि हुन सक्छ, जुन स्वाभाविकै पनि हो।

वर्ग, जाति, लिंग, र समुदायलाई जानी-जानी विभेद गरिएका हुन्छन्—चाहे त्यो पुरातनवादी सोचले होस् वा सामाजिक कुरीतिहरूको माध्यमले वा अन्य सामाजिक र सांस्कृतिक माध्यमले । सक्रिय विभेदलाई केही हदसम्म राज्यले कानूनी बन्देज लगाएर न्यूनीकरण गर्ने प्रयास गरेको छ । तर, समाजमा भइरहेको निष्क्रिय विभेद सामाजिक र सांस्कृतिक बहिष्करण हो, जुन सामाजिक-सांस्कृतिक माध्यमबाट उत्पन्न भए पनि र जानी-जानी नगरिए तापनि त्यसको प्रकृति र पहुँचको अध्ययनबाट बहिष्करणका परिणाम बुझ्न सकिन्छ । यो उपखण्डमा परेको गोपाल ठाकुर र बीपी साहको लेखले यस्तै विभेद र बहिष्करणलाई उजागर गर्ने प्रयास गरेका छन् ।

गोपाल ठाकुर भाषा तथा संस्कृतिविज्ञ हुनुका साथै राजनीतिक-सामाजिक अभियन्ता पनि हुन् । सोइत र सोलकन को-को हुन् र तिनको सिर्जना मिथिला क्षेत्र (मधेश प्रदेश) मा कसरी हुन पुग्यो भन्नेबारे उनको यो पुस्तकमा संगृहीत पहिलो लेखले विस्तारमा चर्चा गर्छ । सोइत र सोलकन बीचको भाषिक, सांस्कृतिक र अर्थ-राजनीतिक भिन्नता र विभेदलाई उनले मसिनो गरी केलाएका छन् । ठाकुरका अनुसार "मानसिक श्रमको माध्यमले समृद्ध जीवन बाँच्नेदेखि शासकीय हैसियतमा रहेका हिन्दू वर्णाश्रमका कथित उपल्ला जातहरू मूलभूत रूपमा ब्राह्मण र तिनीहरूसँगै यज्ञोपवीत धारण गर्ने अन्य जातहरूले आंशिक रूपमा सोइत समुदायको प्रतिनिधित्व गर्छन् भने तिनीहरू बाहेकका सम्पूर्ण वैश्य (पिछडा वर्ग) र शूद्र (दलित) ले सोलकन समुदायको प्रतिनिधित्व गर्छन्" । समाजका यी दुई प्रवर्ग—सोइत र सोलकन—बीचका अनेकौँ अन्तर्द्वन्द्व मधेश प्रदेशमा "भुसको आगो झैँ फैलिँदो छ" भन्दै यी अन्तर्द्वन्द्वले मधेश प्रदेशमा फरकखाले सामाजिक उथलपुथल ल्याउनसक्ने सम्भावना समेत ठाकुरले लेखमा देखाएका छन् । सोइत र सोलकन बीचका यी अन्तर्द्वन्द्व कम गर्नका लागि उनले केही उपाय समेत सुझाएका छन् । ती हुन् : पहिलो, राज्यले उपलब्ध गराउने अवसरहरू सोइत र सोलकन माझ न्यायिक वितरण । दोस्रो, दुवै समूहलाई वर्गीय रूपमा एक-अर्काका प्रतिद्वन्द्वीको रूपमा विकसित हुन नदिई सकारात्मक विभेदको नीति अनुरूप क्षतिपूर्ति सहित सोलकन समुदायको सबलीकरण । तेस्रो, भाषिक रूपमा अजेय बहुमतमा रहेका सोलकन भाषा-संस्कृतिलाई तिरस्कार नगरी मैथिलीको कथ्य र लेख्य रूपमा समानता ल्याउने प्रयत्नको थालनी । र चौथो, समाजवादोन्मुख संविधान कार्यान्वयनमा राज्यले विशेष तदारुकता देखाई राज्य श्रमजीवीहरूको पक्षपाती हो भन्ने अनुभूतिको सुनिश्चिता । सोइत र सोलकनबारे प्राज्ञिक विमर्श उठान गर्न ठाकुरको लेख महत्त्वपूर्ण छ ।

बीपी साह सञ्चारकर्मी र अनलाइन पोर्टल *हुलाकी न्युज डटकम*का सञ्चालक/सम्पादक हुन् । लामो समयदेखि नेपालको मिडिया क्षेत्रमा समावेशिताका लागि आवाज उठाउँदै आएका उनले सीमान्तकृत समुदायले मिडियामा खेप्नु परेको विभेदका घटनालाई उजागर/पैरवी गर्दै आएका छन् । आफैले पैरवी गरिरहेको कामलाई नै उनले यो अनुसन्धान-लेखमा

दस्तावेजीकरण गरेका छन् । विभिन्न अनलाइन माध्यम—जस्तै, युट्यूब, फेसबुक, टिकटक र ट्विटर—मा पाइने द्वेषपूर्ण अभिव्यक्ति र ती उपर सामाजिक सञ्जालमा भएको विमर्श र विरोधलाई उनले आफ्नो अध्ययनमा समेटेका छन् । साहको लेखले मुख्य तीन ओटा सन्दर्भ अगाडि सारेको छ । पहिलो, अनलाइन सामाजिक सञ्जाल (नयाँ मिडिया) मा विभेदको प्रकृति पुरानो मिडियाभन्दा फरक छ । द्वेषपूर्ण अभिव्यक्तिको पुरानो मिडियाको तुलनामा नयाँ मिडियामा अभिलेख राख्न सजिलो छ, र कानूनी कारवाहीको लागि प्रमाण सहित उजुरी दिन सकिन्छ । दोस्रो, साइबर ब्यूरो लगायत अपराध नियन्त्रणका संस्था खडा गरिए पनि द्वेषपूर्ण अभिव्यक्ति दिने व्यक्तिलाई पनि राज्यले कारवाही गरेको छैन, र यो पनि एक किसिमले विभेदकै निरन्तरता हो । र तेस्रो, नयाँ मिडियालाई "विभेदको अर्को (भर्चुअल) गाउँ" को रूपमा चित्रण गर्दै उनी यस्ता विभेदका घटनाहरूले आउने दिनमा सामाजिक द्वन्द्व निम्त्याउनसक्ने भएकाले सरोकारवालाहरू सचेत/सजग रहनुपर्छ भन्छन् । अनलाइन माध्यममा फैलिएको विभेदका सामाजिक तथा सांस्कृतिक आयाम बुझ्न उनको लेखले सहयोग गर्छ ।

## *संघ र प्रदेशमा सुशासनका विमर्श*

नेपालमा संघीयता लागु भएदेखि नै संघ र प्रदेशमा सुशासनको बहस विभिन्न कोणबाट हुँदैआएको छ । सुशासनको विमर्शलाई तीन कोणबाट हेर्न सकिन्छ । एक, सुशासन भनेको कुनै पनि राज्यमा परम्परागत र संस्थागत ढंगले सरकारले वैधानिकता पाउने, कानून सम्मत तरिकाले सरकार बन्ने र लोकतन्त्रमा सरकारका काम-कारवाहीको नागरिकले निगरानी गर्नसक्ने क्षमताको रूपमा बुझ्न सकिन्छ । दोस्रो, सरकारले प्रभावकारी रूपमा नीति तर्जुमा गर्नु र सोको कार्यान्वयन गर्नु सुशासन हो । तेस्रो, जनप्रतिनिधिहरूले कुनै पनि सामाजिक र आर्थिक कार्य गर्दा राज्यका निकायहरूका नियम र कानूनको सम्मान र नागरिकप्रति जिम्मेवार गराउनसक्ने क्षमता पनि सुशासनको बृहत् दायरामा पर्छ । यो अध्यायमा संगृहीत तीन जना—मन्जु यादव, सुरेन्द्र कुमार कामति र कुसुमलता तिवारी—का लेखले सुशासनको विमर्शलाई अघि बढाउन मद्दत गर्छन् । प्रदेश स्तरका सरकारी निकायका काम र कार्यक्रमलाई सुशासनको बहसमा ल्याउनुलाई विमर्शात्मक लोकतन्त्रलाई सबल बनाउने प्रयासको रूपमा बुझ्न सकिन्छ ।

नेपालको संविधान २०७२ ले संघ, प्रदेश र स्थानीय सरकारको परिकल्पना गरेको छ । नयाँ संविधानको कार्यान्वयनसँगै २०७४ सालमा स्थानीय, प्रदेश र संघका निर्वाचन सम्पन्न भए । नेपालमा संसदीय व्यवस्था नौलो नभए पनि संघीय व्यवस्था प्रणाली र प्रादेशिक व्यवस्थापिकाका संरचना बन्ने क्रममै छन् । प्रदेश सभा र प्रदेश सरकार संस्थागत हुँदै गरेको अवस्थामा प्रदेश सभाको मुख्य अंगको रूपमा रहेका विभिन्न समितिहरूको कार्य शैली

र प्रभावकारिताबारे अध्ययन, अनुसन्धान र विमर्श अपेक्षाकृत रूपमा हुन सकेको छैन । संघीयताको आधारभूमि मानिएको मधेश प्रदेशमा प्रादेशिक संसदीय अभ्यास कसरी गरिँदै छ, चासोको विषय हो । यसै सन्दर्भमा मधेश प्रदेशकी सभासद (२०७४–२०७९) समेत रहेकी मन्जु यादवले मधेश प्रदेश सभाका सातमध्ये पाँच ओटा विषयगत समितिहरूका कामको प्रभावकारिता अध्ययन गरेकी छन् । यसले संघीयता कार्यान्वयनको एउटा महत्त्वपूर्ण पक्षलाई उजागर गर्छ । संघीयता कार्यान्वयनका विभिन्न चुनौतीलाई विश्लेषण गर्दै यादवको लेखले मधेश प्रदेश सरकारले समितिहरूलाई असहयोग गरेका, समितिको निर्देशन सम्बन्धित मन्त्रालयले सुनुवाइ नगरेको र दलीय भागबण्डाको चेपुवामा समितिहरू परेको देखाउँछ । साथै, समितिका सदस्य चयन गर्दा समावेशी समानुपातिक प्रतिनिधित्वलाई बेवास्ता गरिएको, महिला-बालबालिका सम्बन्धी समितिको नेतृत्व समेत पुरुषलाई दिइएको, र समितिहरूका सभापति समेत समयमा चयन गर्न नसकेको तथ्य उनले यो लेखमा औंल्याएकी छन् । हालै निर्वाचित दोस्रो प्रदेश सभाको लागि यो अध्ययन एउटा पथप्रदर्शक बन्नसक्ने आशा गर्न सकिन्छ ।

सुरेन्द्र कुमार कामतिले सिरहाबाट मधेश प्रदेश र जिल्ला हेर्ने गरी *नयाँ पत्रिका* दैनिकको लागि समाचार र "फिचर स्टोरी" लेख्ने गरेका छन् । स्थानीय पत्रिकादेखि रेडियो, टेलिभिजन हुँदै ठूला ब्रोडशीटमा समाचार र स्टोरी लेख्दै आएका उनी विशेष गरी सुशासनका विषयमा कलम चलाउँछन् । सार्वजनिक सरोकारका मुद्दा उठाउने, कानून निर्माण गर्ने र ती कानून परिपालना भए-भएनन् भनेर निगरानी गर्ने काम जनप्रतिनिधिहरूको हो । ती जनप्रतिनिधि जब संसदीय विकास कोषमा व्यवस्था गरिएको रकम मार्फत विकाससँग जोडिन्छन् तब त्यसले कसरी बेथिति निम्त्याउँछ भनेर कामतिले आफ्नो लेखमा देखाएका छन् । कोष अन्तर्गत जिल्लामा आउने करौडौं रकम कार्यकर्तामुखी हुने गरेका र आयोजनाहरू दिगोभन्दा पनि कमसल र अधूरा हुँदा तिनले निम्त्याएका बेथितिलाई यो लेखले छर्लंग पारेको छ । योजना चयनमा हुने मनपरीले कोषको प्रभावकारिता कमजोर बनाएको छ भने उपभोक्ता समिति चयनमा विवाद हुँदा योजना कार्यान्वयनमा नआउने जस्ता बेथिति समेत देखिएको छ । लेखमा प्रस्तुत गरिएका तथ्यांक, स्थलगत विवरण, र विश्लेषणले संसदीय विकास कोषको प्रभावकारिता र औचित्यमाथि प्रश्न उठाएको छ । भर्खर गठन भएको नयाँ संसद्ले यसलाई मनन गर्नुपर्छ, र सांसद्को नाउँमा हुने विकृति र विभेदका खेल रोकिनुपर्छ भन्छन्, कामति ।

यसै खण्डमा "मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ" (बेपबेब) कार्यक्रम मार्फत छात्राहरूलाई "निःशुल्क साइकल वितरण अभियान" बारे कुसुमलता तिवारीको लेख समावेश छ । बहिष्कृत एवं सीमान्तकृत समुदायले भोग्दै आएका विभिन्न/मुद्दाबारे अध्ययन-अनुसन्धानमा रुचि राख्ने तिवारीले रौतहटको गौरस्थित जुद्ध माध्यमिक विद्यालयमा

अभियान अन्तर्गत भएको साइकल वितरणको *केस स्टडी* गरेकी छन् । यो अभियानलाई यसका सरोकारवाला—छात्रा, अभिभावक, प्रधानाध्यापक/शिक्षक, शिक्षा अधिकारी र स्थानीय जनता आदि—ले कसरी बुझेका छन् र उनीहरूले यो अभियानलाई कसरी व्याख्या गर्छन् भन्ने विषयलाई उनले केलाएकी छन् । साइकलले गर्दा छात्राहरूलाई विद्यालय आउन-जान सहज भएको; उनीहरूको भर्ना दर र कक्षा उपस्थिति दरमा समेत यसले सकारात्मक प्रभाव पारेको भन्दै "निःशुल्क साइकल वितरण अभियान" ले मधेशका किशोरीहरूको सामाजिक गतिशीलता र स्वतन्त्रता वृद्धि गर्दै उनीहरूको शैक्षिक निरन्तरता र सशक्तीकरणमा उल्लेखनीय भूमिका खेलेको उनको तर्क छ । साथै, साइकल खरिदमा भएको अनियमितता, कमजोर सुशासन, अनावश्यक प्रशासनिक झमेला र राजनीतिक खिचातानी जस्ता कारणले कार्यक्रमको प्रभावकारितामा कमी आउने आंशका गर्दै उनले बेपबेब मार्फत शुरू भएको छात्रालाई साइकल वितरण अभियान रोकिनु नहुने कुरा समेत यो लेखमा उठाएकी छिन् ।

### *भू-स्वामित्वका समस्या*

भूमि स्वामित्व र अधिकारको मुद्दा नेपालमा धेरै जेलिएको छ । नेपालका एक चौथाई घरपरिवारको प्रतिनिधित्व गर्ने १५ लाख परिवार अझै भूमिहीन छन् वा तिनमा भूमि स्वामित्वको समस्या छ । नेपालका करिब ५३ प्रतिशत किसानको स्वामित्वमा कुल खेतीयोग्य जमिनको १८ प्रतिशत मात्र छ (गिरी सन् २०२२) । भूमि स्वामित्वका दुई प्रमुख मुद्दा छन् । पहिलो, भूमिमा असमान पहुँचको मुद्दा हो । भूमिहीनता अन्य समुदायमा पनि छ, तर दलितहरूको ठूलो हिस्सा भूमिहीन छ ।[१०] दोस्रो, भूमि स्वामित्वको समस्याका विभिन्न आयाम छन् । उदाहरणका लागि धेरै घरपरिवारले आफूले भोगचलन गर्दैआएको भूमिमा स्वामित्व कायम गर्न सकेका छैनन्, र सो समस्या मधेश प्रदेशका विभिन्न ठाउँमा देखिएको छ । यो खण्डमा समेटिएका ओमप्रकाश राम र रंजित कनौजियाका लेखले भू-स्वामित्वका विभिन्न पाटा केलाएका छन् । ओमप्रकाश रामले भूमिहीनता सम्बन्धी समस्याको उठान रौतहट जिल्लाको गजुरा नगरपालिकाका दलित समुदायबाट गरेका छन् भने रंजित कनौजियाले महोत्तरी जिल्लाको गौशाला नगरपालिकामा देखिएको भू-स्वामित्वको पेचिलो समस्यालाई छानेका छन् ।

[१०] करिब ४१.४ प्रतिशत मधेशी दलितहरू भूमिहीन छन् र जमिन हुने दलितहरूको पनि अति थोरै जग्गाजमिन हुने भएकोले दलित समुदाय भूस्वामित्वका हिसाबले सबैभन्दा पिँधमा परेका छन् (एआई नेपाल, सीएसआरसी र जुरी-नेपाल सन् २०१९) । नेपालको संविधान २०७२ को धारा ४०(५) ले पनि भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने भनिए तापनि अहिलेसम्म ठोस व्यवस्थापन हुन सकेको छैन ।

पछिल्लो तथ्यांक अनुसार मधेश प्रदेशमा दलितको जनसंख्या करिब १७ प्रतिशत छ (निर्वाचन आयोग २०७९) । अन्य सामाजिक समूहको तुलनामा दलितहरू सबैजसो सामाजिक सूचकमा निक्कै पछाडि देखिन्छन् । उनीहरू पछाडि पर्नुको एउटा मुख्य कारण भूमिहीनता हो । नेपाल सरकारले भूमिमा भूमिहीनहरूको पहुँच बढाउन विभिन्न प्रयास गरेको छ । तर, त्यस्ता प्रयासबाट मधेशी दलितहरूले खासै फाइदा पाएका छैनन् । धेरै वर्षदेखि भूमि अधिकारका लागि सक्रिय रहेका ओमप्रकाश रामले यसै मुद्दालाई आफ्नो अध्ययनको विषय बनाएका छन् । र, उनले भुइँ तहका दलितका सरोकार, संघर्ष र पीडाको अभिलेखांकन यो लेखमा गरेका छन् । रौतहट जिल्लाको गुजरा नगरपालिकाको वडा नं. २ र ७ मा भूमि पाउनै लागेका दलितलाई पनि कसरी भूमिहीन बनाई राखिन्छ भनेर रामले यो लेखमा देखाएका छन् । सन् १९५० को दशकदेखि अहिलेसम्म विभिन्न सरकारले १४ ओटा भूमि आयोग गठन गरिसके पनि दलित भूमिहीनताको समस्या ज्युँका त्युँ छ (घिमिरे सन् २०२१), किनभने उनीहरूसँग आफू बसेको भूमिमा आफ्नो अधिकार दाबी गर्ने कागजी प्रमाण छैनन् । यस बाहेक, उनीहरूका धेरै बस्तीहरू सार्वजनिक जग्गा (जंगल, सडक, खोला छेउ, सरकारी जग्गा आदि) मा भएकाले त्यस्ता जग्गालाई आफ्नो नाममा दर्ता गर्न प्रक्रियागत रूपमा गाह्रो छ ।

तराई मधेशका सबैजसो जिल्लामा भूमिको कानूनी स्वामित्वको समस्या विकराल छ । एकतिर धेरै नयाँ नगरपालिकाहरूमा अव्यवस्थित बसोबासको समस्यालाई व्यवस्थित गर्न खोज्दा विभिन्न विवाद उत्पन्न भैरहेको देखिन्छ भने अर्कोतिर राज्य संयन्त्रमा पहुँच भएकाहरूले गर्ने जातीय-क्षेत्रीय विभेदले गर्दा समेत जग्गाको विवाद सिर्जना भएको छ । यस खण्डमा संलग्न रंजित कनौजियाको लेखले यस्तै समस्यालाई उजागर गर्छ । महोत्तरीस्थित गौशाला नगरपालिकामा वर्षौंदेखि जकडिएर रहेको भूमि सम्बन्धी विवादको मिहिन वर्णन कनौजियाले आफ्नो लेखमा गरेका छन् । "जग्गा-विवाद" मा केन्द्रित यो लेखले नेपालमा सम्पत्तिको "मुख्य साँचो" जग्गा नै हो भन्ने तथ्यलाई अगाडि सार्छ । गौशाला नगरपालिकाको जग्गा विवादका तीन किसिमका "स्रोत" लाई उनले यो अनुसन्धानमा उत्खनन गरेका छन् ।

### *नागरिक र जनप्रतिनिधिका संघर्ष गाथा*

यो खण्डमा सल्मा खातुन, देवनारायण मण्डल र जितेन्द्र कुशवाहाका लेख परेका छन् । नागरिक र जनप्रतिनिधिको संघर्षको "दस्तावेजीकरण" यी लेखले गर्छन् । साथै, यी लेख नागरिक समाजलाई बुझ्ने आँखीझ्याल समेत हुन् । सल्मा खातुनको लेखले नागरिकहरूको संघर्ष गाथा मार्फत नागरिक समाजको विकास क्रमलाई बुझ्ने प्रयास गरेको छ । त्यसै गरी, देवनारायण मण्डलको लेखलाई "नागरिक समाजको" विकासको "विशिष्टखाले स्वत्व" (पर्टिकुलर टाइप अफ सेल्फ) कोणबाट (खिलनानी सन् २००१ :

२८) पनि विश्लेषण गर्न सकिन्छ। "विशिष्टखाले स्वत्व" को क्षमताले कुनै पनि व्यक्तिलाई सामाजिक मुद्दामा तार्किक बहस र विवेचना गर्न सघाउँछ। सार्वजनिक हितार्थ यस्ता व्यक्ति प्रेरित हुन्छन्, जसको योगदान सभ्य समाजको लागि अपरिहार्य हुन्छ। आफ्नो ज्ञान, स्रोत, सिप र क्षमता प्रयोग गर्दै उनीहरूले गर्ने हक-अधिकारको पैरवीबाट लोकतन्त्रको दायरा विस्तारित हुन्छ। यसै सन्दर्भमा सल्मा खातुन र देवनारायण मण्डलका "अटो-एथ्नोग्राफी" ले एकतिर एउटा जनप्रतिनिधि (सल्मा खातुन) ले गरेको संघर्षको कथा भन्छ भने अर्कोतिर व्यक्तिको (देवनारायण मण्डल) प्रयासले कसरी समाज परिचालन गरी प्राकृतिक सम्पदा संरक्षण सम्भव हुन सक्छ भन्ने उदाहरण प्रस्तुत गर्छ। जितेन्द्र कुशवाहाको लेखले उनको आफ्नै नागरिकता प्रमाणपत्र प्राप्तिको संघर्षलाई देखाउँछ। विमर्शात्मक लोकतन्त्रलाई सबल बनाउन यस्तै प्रयत्नले मद्दत गर्छन्।

नेपालको चुनावी प्रतिस्पर्धाको राजनीतिमा महिलाको प्रतिनिधित्व निकै न्यून रहँदै आएको छ।[११] सल्मा खातुन मधेश प्रदेशको पर्सा जिल्लाको पोखरिया नगरपालिकाकी निवर्तमान उपमेयर हुन्।[१२] नेपालमा संघीयता लागु भए पश्चात् सन् २०१७ मा भएको पहिलो स्थानीय निर्वाचनमा चुनिएका थोरै मुस्लिम महिलामध्ये उनी एक थिइन् (बिडारी सन् २०१८)। यो लेखमा सल्मा खातुनले आफू उपमेयर हुँदाको अनुभवको "बाक्लो वर्णन" गरेकी छन्। स्थानीय सरकारमा उपमेयरका रूपमा कार्यरत महिलाहरू पितृसत्ताको गहिरो जराको शिकार भएको उनको तर्क छ। स्थानीय सरकारमा सुशासन दिन चाहने महिलाका लागि पितृसत्ता प्रमुख अवरोध हो भन्ने उनको ठहर छ। खातुनको अनुभवमा आधारित लेखले स्थानीय सरकारमा निर्वाचित महिला प्रतिनिधिले स्वतन्त्रतापूर्वक प्रभावकारी काम गर्न पाउने अवस्थाको पैरवी र सुसूचित नीति तर्जुमा गर्न गहिरो अन्तर्दृष्टि प्रदान गर्छ।[१३]

[११] २०७२ सालमा नयाँ संविधान जारी भएपछि महिलाको प्रतिनिधित्वमा केही सुधार देखिएको छ। स्थानीय तह निर्वाचन ऐन, २०७३ ले नगरपालिका र गाउँपालिकामा मेयर/अध्यक्ष र उपमेयर/उपाध्यक्ष पदका लागि उम्मेदवारी दिने दलले दुईमध्ये कम्तिमा एउटा पदमा महिला उम्मेदवार अनिवार्य समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। साथै, पाँच जना वडा पदाधिकारीमध्ये एक जना दलित महिला सहित दुई जना महिला हुनुपर्ने लगायतका प्रावधान छन्। यसले गर्दा सन् २०१७ मा कुल ७५३ ओटा स्थानीय सरकारका लागि भएको चुनावमा मेयरमा दुई प्रतिशत र उपमेयरमा ९२.५ प्रतिशत महिला चुनिए (महतो, पौड्याल र बरुह सन् २०१९)।

[१२] पैदल अनुसन्धानका लागि मार्टिन चौतारीले छनोट गर्दा उनको कार्यकाल केही महिना बाँकी नै थियो।

[१३] खातुन उपमेयर भएको एक वर्ष भएपछि उनीबारे छापिएको एक मिडिया रिपोर्टको लागि बिडारी (सन् २०१८) हेर्नुहोस्। त्यस्तै, महिला जनप्रतिनिधिहरूको प्रतिनिधित्व र भूमिकाबारे गरिएको एक अध्ययनका लागि तामाङ (सन् २०१८) हेर्नुहोस्।

देवनारायण मण्डल मधेश प्रदेशका एक चर्चित अभियन्ता र वातावरण संरक्षणवादी हुन् । उनी मिथिला वाइल्डलाइफ ट्रष्ट नामक संस्थाका संस्थापक प्रमुख कार्यकारी अधिकृत हुन् ।[१४] सो ट्रष्ट मार्फत उनले प्राकृतिक स्रोत, राष्ट्रिय वन र वन्यजन्तुहरूको संरक्षण र पुनःस्थापनाको लागि पैरवी गर्न थाले । वातावरण संरक्षणवादीका रूपमा उनले अहिलेसम्म हासिल गरेका उपलब्धि, सिकाइ, पैरवी र अभ्यासलाई यस लेखमा देखाएका छन् । देवनारायण मण्डलको कथाले भन्छ : कसरी मनमिल्ने स्थानीय जनतासँग हातेमालो गर्दै एक जना युवाले स्वप्रेरणाबाट सामुदायिक वनलाई तस्करहरूको पञ्जाबाट जोगाउन सक्छ । विशेष गरी, कुनै बलियो संगठनात्मक समर्थनविनै एक जना स्वःप्रेरित व्यक्तिले समुदायलाई परिचालन गरेर वन संरक्षणमा गरेको योगदान उल्लेखनीय छ । भुइँ तहमा नागरिक समाजको विकासको यस उदाहरणीय कार्यबाट अरू युवाहरूले पनि सिक्न र प्रेरणा लिन सक्छन् ।

नागरिकता विहीनता राष्ट्रव्यापी समस्या हो, तर यसले मधेशीलाई झन् बढी असर पारेको छ, किनभने सीमा क्षेत्रका भारतीय सँगको सांस्कृतिक निकटताका कारण उनीहरूको नेपाली पहिचानमाथि सधैँ शंका गरिन्छ । धनुषा जिल्लाको मिथिला नगरपालिकाका २४ वर्षीय जितेन्द्र कुशवाहा स्नातक तह पूरा गर्दैछन् । उनी आफ्नो नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि संघर्ष गरिरहेका एक पीडित हुन्, जो आफूजस्तै पीडितहरूलाई संगठित गर्दै केही समयपछि अभियन्ता पनि बने । जनकपुरको उच्च अदालतबाट उनको पक्षमा फैसला भए पनि उनलाई नागरिकता वितरणको एकल अख्तियारी पाएको जिल्ला प्रशासन कार्यालयले नागरिकता दिन औपचारिक (लिखित) रूपमै अस्वीकार गऱ्यो । प्रमुख जिल्ला अधिकारी (सीडीओ) को कार्यालय धनुषा सामु उनले अदालतको आदेश प्रस्तुत गर्दा पनि सीडीओ कार्यालयले नागरिकताको प्रमाणपत्र दिन मानेन । यसको कुनै कारण दिएन, अस्पष्ट जवाफ मात्र दियो ।

नागरिकता प्रमाणपत्र नपाएका कारण आफू र आफू जस्ता व्यक्तिहरूले कस्तो पीडा भोग्नुपऱ्यो भन्नेबारे उनले आफ्नो लेखमा सघन रूपले दस्तावेजीकरण गरेका छन् । आफूहरूले गर्ने अभियानको दुई ओटा महत्त्वपूर्ण सान्दर्भिकता उनले आफ्नो लेखमा खुलाएका छन् : पहिलो, दैनिक जीवनमा अत्यावश्यक "कागजी प्रमाणपत्र" को महत्त्व नबुझाइएकोले नागरिकता प्रमाणपत्रबारे नागरिकता विहीन व्यक्तिहरूमा धेरै अज्ञानता थियो । दोस्रो, नागरिकताको प्रमाणपत्र पाउन उनीहरूले गरेको संघर्षले उनीहरूलाई समान नागरिकका रूपमा आफ्नो अधिकारबारे सचेत गरायो । कुशवाहाले नागरिकताको लागि गरेको संघर्षलाई भुइँ तहबाट गरिएको "हस्तक्षेप" को रूपमा लिन सकिन्छ ।

[१४] हेर्नुहोस् https://mwt.org.np/; जनवरी २९, २०२३ मा हेरिएको ।

उनको अनुसन्धानले एक सचेत नागरिकले राज्यसँग अर्थपूर्ण संवाद गरेको दर्शाउँछ, जुन विमर्शात्मक लोकतन्त्रको लागि आवश्यक शर्त हो ।

## *सामाजिक तथा राजनीतिक हिंसा*

आदर्शवादी लोकतन्त्रमा यस्तो समाजको परिकल्पना गरिन्छ, जहाँ हिंसाले वैधता पाउँदैन । हिंसाले लोकतन्त्रलाई कमजोर पार्छ । "हिंसा" को अध्ययन जटिल र चुनौतीपूर्ण छ । हिंसाको प्रभाव बुझ्न, कम गर्न र समस्याहरू समाधान गर्न पनि सामाजिक तथा राजनीतिक हिंसा बारेका अध्ययन-अनुसन्धान आवश्यक छन् । व्यक्ति, जाति, लैंगिक, धर्म वा सामुदायिक रूपले सामाजिक शक्तिको असमानताले समाजमा हिंसा उत्पन्न हुन सक्छ । उदाहरणका लागि, पितृसत्तात्मक सोचका कारण महिला र पुरुषबीच हुने असमान शक्ति-सम्बन्ध वा सामाजिक र राज्य संस्थामा कथित उच्च जातिकाहरूको वर्चस्वले पार्ने दलित लगायत अन्य समुदायको बहिष्करण वा धार्मिक अल्पसंख्यकलाई गरिने विभेद आदि सामाजिक हिंसाकै विभिन्न स्वरूप हुन् । त्यसै गरी, नेपालमा द्वन्द्वकालमा राजनीतिक हिंसा सतहमा देखियो, जसमा धेरै आपराधिक घटना—हत्या, लुटपाट आदि—पनि भए । हुन त द्वन्द्व कालमा राजनीतिक हिंसा र अपराध बीचको फरक छुट्ट्याउन कतिपय अवस्थामा कठिन हुन्छ । उदाहरणका लागि, माओवादी जनयुद्धको बेलाका घटना हुन् वा वा मधेश आन्दोलन र त्यसपछि उत्पन्न भएका राजनीतिक घटना—तिनमा हिंसा र अपराध बीचको भेद पातलो छ ।

यो खण्डमा सम्मिलित गुन्जन राय र सविन खनालका लेखले हिंसालाई सामाजिक र राजनीतिक कोणबाट विश्लेषण गर्ने प्रयत्न गरेका छन् । महोत्तरी जिल्ला निवासी गुन्जन रायसँग मधेश प्रदेशमा महिला तथा बाल अधिकारका क्षेत्रमा काम गरेको एक दशकभन्दा लामो अनुभव छ । सामाजिक कार्यकर्ताको हैसियतमा आफूलाई हिंसाको प्रत्यक्ष र अप्रत्यक्ष धम्की आए पनि बलात्कार पीडितको अधिकारको पैरवी गर्दैआएकी उनले यो क्षेत्रमा उल्लेखनीय काम गरेकी छन् । मधेश प्रदेशमा हुने विभिन्न किसिमका हिंसामध्ये बलात्कृत भएपछि न्याय खोज्ने क्रममा महिलाले भोग्नुपरेका चुनौतीलाई रायले आफ्नो लेखमा अभिलेखबद्ध गरेकी छन् । उनले आफ्नो लेखमा चार ओटा बलात्कारका मुद्दाको विस्तृत घटना-अध्ययनका आधारमा पीडितमाथि अनुचित सामाजिक र राजनीतिक दबाब सिर्जना गरी अदालत बाहिर मध्यस्थता गर्ने प्रवृत्तिको आलोचना समेत गरेकी छन् । मध्यस्थता गर्ने नाउँमा महिला विरुद्धका यी जघन्य अपराधलाई सामान्य अपराधमा परिणत गरिन्छन् । फलस्वरूप, कडा सजाय पाउनुपर्ने अपराधीहरूले पनि साधारण माफी मागेका भरमा उन्मुक्ति पाउँछन् । यस्ता सामाजिक घटनाले पीडित महिलालाई न्याय खोज्ने सिलसिलामा अनेकौँ चुनौती खडा गरिदिएको उनले यस लेखमा तर्क गरेकी छिन् ।

अध्ययन-अध्यापन र अनुसन्धानमा रुचि राख्ने सविन खनाल चुरे-मधेशमा हुने विभिन्न सामाजिक-राजनीतिक घट्नाबारे गहिरो चाख राख्छन् । वि.सं. २०६२–२०६३ को दोस्रो जनआन्दोलनपछि विशेष गरी चुरे-मधेशमा विभिन्न सामाजिक समूहले गरेका शृंखलाबद्ध आन्दोलन र यी आन्दोलनले जन्माएको "चुरे भावर राष्ट्रिय एकता पार्टी" को स्थापना तथा पछिल्ला दशकमा सो पार्टीभित्र देखा परेका राजनीति, हिंसा र अपराध बीचको सम्बन्धमा उनको लेख केन्द्रित छ । वि.सं. २०६३–२०६४ पछि तराई-मधेशमा विभिन्न सामाजिक समूह—खास गरी पहाडी र मधेशी—माझ उत्पन्न हिंसात्मक राजनीतिबारे मूलतः दुई ओटा सन्दर्भ उनले प्रस्तुत गरेका छन् । पहिलो, यी दुई समूहबीच कसरी द्वन्द्व, टकराब र हत्याको शृंखला शुरू भयो । उनीहरूबीच यस्तो तिक्ततापूर्ण र प्रतिशोधयुक्त सम्बन्धले सो क्षेत्रलाई कसरी हिंसाको दुष्चक्रमा पुऱ्यायो । र, दोस्रो, मधेशीहरूको प्रतिकार गर्ने उद्देश्यले पहाडी समुदायका केही निश्चित् व्यक्तिहरूले गठन गरेको चुरेभावर प्रदेश एकता समाज कसरी राजनीतिक पार्टीको रूपमा उदायो, र पछि के कारणले सो पार्टी विघटन हुन पुग्यो भनेर खनालले आफ्नो लेखमा केलाएका छन् । नेपालमा हिंसा, अपराध र राजनीति बीचको पातलो घेरा बुझ्न यो लेखले सहयोग गर्छ ।

## पैदल अनुसन्धानको पहललाई विस्तार गर्न किन आवश्यक छ ?

पुस्तकमा संगृहीत यी लेखहरूले पैदल अनुसन्धान पहलका धेरै ओटा सकारात्मक पक्षलाई संकेत गर्छन् । पहिलो, लोकतान्त्रिक समाजका लागि सामान्य नागरिक सुसूचित हुन आवश्यक हुन्छ, र सुसूचित नागरिक बन्न उनीहरूमा अनुसन्धानको सामान्य क्षमता आवश्यक पर्छ । पुस्तकमा संगृहीत १२ ओटा लेखले पैदल अनुसन्धान पहलले त्यस्ता साधारण नागरिकहरूको "अनुसन्धानको अधिकार" दाबी गर्ने क्षमता बढाउँछ भन्ने देखाउँछ, जसले अन्ततः "लोकतान्त्रिक नागरिक अधिकार" उपभोग गर्न उनीहरूलाई मद्दत गर्छ ।

दोस्रो, यी उदाहरणले भुइँ तहको अनुसन्धानलाई लोकतन्त्रीकरण गर्ने सम्भावना प्रचुर रहेको देखाउँछन् । अनुसन्धानको लोकतन्त्रीकरणका सन्दर्भमा कम्तीमा दुई पक्षमा यहाँ प्रकाश पार्न सकिन्छ । एउटा पक्ष छ : अनुसन्धान कसले गर्ने ? अनुसन्धान बारेको परम्परागत बुझाइ के छ भने अनुसन्धान केवल "विशेषज्ञ" हरूले मात्र गर्न सक्छन्, जो यसका लागि प्रशिक्षित छन् । यसले गर्दा कुनै "विशेषज्ञता" नभएका कारण आफू अनुसन्धान गर्न योग्य छैन भन्ने सोचाइ हुँदा सामान्य नागरिकमा अनुसन्धानप्रति संकोच छ । तर, पैदल अनुसन्धान पहलले अनुसन्धान उच्च औपचारिक डिग्री भएका व्यक्तिहरूको विशेषाधिकार होइन भन्ने तथ्यलाई व्यावहारिक रूपमा प्रदर्शन गरेर त्यो संकोचबाट केही मुक्ति दिलाउँछ । पुस्तकमा समावेश पैदल अनुसन्धानकर्ताका लेखहरूले पनि यसलाई पुष्टि गर्छ । त्यसैले, पैदल अनुसन्धान कार्यक्रम "अनुसन्धानको अवधारणालाई संकुचित

घेराबाट बाहिर ल्याउने र यसलाई अझ व्यापक रूपमा उपलब्ध गराउने" (अप्पादुराई सन् २००६ : १७६) एउटा संस्थागत प्रयास हो भन्ने हामी भन्न सक्छौँ । यो संस्थागत किन पनि हो भने, सानो स्तरमा भए पनि, नेपालका दुई फरक भागमा लागु गरिएको पैदल अनुसन्धान पहललाई हामीले अनुसन्धानको क्षेत्रमा भुइँ तहका व्यक्तिहरूलाई समावेश गर्ने एउटा नयाँ तरिकाको रूपमा प्रस्तुत गरेका छौँ ।

अर्को पक्ष छ : अनुसन्धान केलाई मान्ने ? यो प्रश्नको जवाफ सामाजिक अनुसन्धान अभ्यासमा देखापर्ने विधिहरूको राजनीतिसँग सम्बन्धित छ । समाजशास्त्री माइकल बुरावे समाज विज्ञानलाई प्रान्तीयकरण-स्थानीयकरण (प्रोभिन्सियलाइज) गर्न आह्वान गर्छन् । अर्थात्, समाज विज्ञानको जुन कथित वैश्विकता, विधागत विभाजन, र अनुसन्धान-विधि छ त्यसलाई स्थानीय परिवेशको वैशिष्ट्य र उत्पादनको विशेष सन्दर्भ हेरेर आफ्नो धरातलमा ओराल्नुपर्छ भन्ने उनको सुझाव छ (बुरावे सन् २००५ : ५०८–५०९) । उनको यो सुझाव हाम्रो पैदल अनुसन्धान पहलमा पनि सान्दर्भिक देखिन्छ । माथि उल्लेख गरिए झैँ, आफूहरूले गरिरहेका पैरवीका क्रममा हासिल गरेका अनुभव र दैनिक रूपमा देखे/सुनेका कथाहरू नै पैदल अनुसन्धाताका प्राथमिक तथ्यांक भए । उनीहरूको लिखित कथनमा उनीहरूकै आफ्ना अनुभवलाई एकत्रित गरी अभिव्यक्त गर्ने क्षमता प्रदर्शन गर्न हामीले आग्रह गर्‍यौँ । मधेश प्रदेशको सांस्कृतिक, राजनीतिक र सामाजिक परिवेशमा नै उनीहरूले यो अभ्यास गरे ।

तेस्रो, पैदल अनुसन्धान पहलमा स्थानीय क्षेत्रमा विगतका अनुसन्धानले नसमेटेका कारण सापेक्षिक रूपले ओझेल परेका तर स्थानीय परिवेशमा महत्त्वपूर्ण सामाजिक-राजनीतिक विषयवस्तुलाई प्राथमिकता दिइयो । उच्च शिक्षाका क्षेत्रीय संस्थाहरू संकटमा रहेको कारण नयाँ अनुसन्धानकर्ताहरूको उत्पादन कम भएकोले पनि केही विशेष मुद्दामा अनुसन्धान हुन सकेको छैन (मार्टिन चौतारी सन् २०२२) । पत्रकारिता संस्था र नागरिक समाजका संस्था जस्ता अरू सार्वजनिक निकायहरू ती विषयवस्तुलाई स्वतन्त्र रूपमा बलियो र निरन्तर रूपमा उठाउन, वा रिपोर्ट गर्न सक्षम छैनन् भन्ने तथ्यतर्फ पनि यसले ध्यानाकर्षण गराउँछ । यस सन्दर्भमा पैदल अनुसन्धानकर्ताहरूले गरेका कामले केही महत्त्वपूर्ण विषयलाई प्राज्ञिक, नीतिगत वा सार्वजनिक बहसमा ल्याएको र ती विषयमा सापेक्षिक रूपले स्पष्टता प्रदान गरेको छ ।[१५] यस्तो सार्वजनिक संलग्नताले मधेश प्रदेश र अन्यत्र नागरिक समाजको

[१५] *मधेश दृष्टि* पत्रिकाका सम्पादक विश्वमणि पोखरेल भन्छन्, "यसै क्षेत्रका स्थानीय पत्रपत्रिकामा मधेश प्रदेशका सामाजिक-राजनीतिक विषयबारे सामग्रीको अभाव छ । यो क्षेत्रका अखबारका पानाहरू भने काठमाडौँको सञ्चार माध्यममा समेटिएका विषयवस्तुले भरिएका हुन्छन् । हामी निरन्तर स्थानीय सामग्रीको खोजीमा छौँ । [त्यसैले] अनुसन्धानको मस्यौदालाई अन्तिम रूप दिएपछि [पैदल] अनुसन्धानकर्ताहरूको सामग्रीलाई वैचारिक लेखको रूपमा प्रकाशित गर्ने योजना बनाएका छौँ ।" पोखरेलसँग डिसेम्बर १६, २०२२ मा गरिएको कुराकानी ।

महत्त्वपूर्ण भूमिकालाई विस्तार गर्नेछ, र भुइँ तहमा आधारित अनुसन्धान-पैरवीको महत्त्वको सार्वजनिक मान्यतालाई बलियो बनाउनेछ । भुइँ तहका अभियन्ताबाट निस्कने स्थानीय ज्ञानको यस्तो मान्यताले नेपाली लोकतन्त्रको सामाजिक जीवनलाई प्रगाढ बनाउनेछ । यी सकारात्मक पक्ष र नतिजाहरूले पैदल अनुसन्धान पहललाई नेपालका अरू ठाउँमा विस्तार गर्न आवश्यक छ भन्ने पुष्टि गर्छन् ।

खोज, अनुसन्धान निरन्तर चल्ने प्रक्रिया हो। अनुसन्धानकर्ता स्वयंले अनुसन्धान सिप तिखार्दै लाग्ने हो । पैदल अनुसन्धान पहलले हरेक अनुसन्धानकर्ताको अनुसन्धानप्रति "आकांक्षिक क्षमता" बढाएको छ; उनीहरूले पनि यो कुरा भनेका छन् (मार्टिन चौतारी २०२३) । र, यो नै पैदल अनुसन्धान पहलको मुख्य उद्देश्य भएको हामीले बुझेका छौँ। पैदल अनुसन्धान पहलको दोस्रो चरणको अभ्यासको प्रतिफलको रूपमा यो पुस्तक तपाईंहरूको हातमा छ। हाम्रो पहल कत्तिको सार्थक भयो वा भएन, प्रबुद्ध पाठकहरूबाट प्रतिक्रिया अपेक्षित छ ।

## सन्दर्भ सामग्री

निर्वाचन आयोग। २०७९। *मधेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७९*। काठमाडौँ : निर्वाचन आयोग ।

भट्ट, कोमल। २०७७। नागरिक समाजमा क्षमता विकास : अनुभवको आँखीझ्यालबाट। *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा*। हर्षमान महर्जन, देवराज हुमागाईं, प्रत्यूष वन्त, लोकरञ्जन पराजुली र देवेन्द्र उप्रेती, सं., पृ. ३१५–३३७। काठमाडौँ : मार्टिन चौतारी ।

मार्टिन चौतारी । २०७९ । *"पैरवीको लागि लेखन": मधेश प्रदेशमा पैदल अनुसन्धान पहल* । शोध-संक्षेप ३६ । काठमाडौँ : मार्टिन चौतारी ।

साह, सोहन प्रसाद र महेशराज महर्जन, सं. । सन् २०२० । *पैदल अनुसन्धान : प्रयोग र उपलब्धि* । काठमाडौँ : मार्टिन चौतारी ।

AI Nepal (Amnesty International Nepal), CSRC (Community Self Reliance Centre) and JuRI-Nepal (Justice and Rights Institute-Nepal). 2019. *Nepal: Land for Landless Peasant (Comments and Recommendations on Amendment to the Lands Act 1964*. Kathmandu: AI Nepal, CSRC and JuRI-Nepal.

Appadurai, Arjun. 2004. The Capacity to Aspire. In *Culture and Public Action*. Vijayendra Rao and Michael Walton, eds., pp. 59–84. Stanford: Stanford University Press.

Appadurai, Arjun. 2006. The Right to Research. *Globalisation, Societies and Education* 4(2): 167–177.

Bidari, Suresh. 2018. Salma Breaks Her Silence. *Nepali Times*. Available at www.nepalitimes.com/here-now/salma-breaks-her-silence/; accessed January 18, 2023.

Burawoy, Michael. 2005. Provincializing the Social Sciences. In *The Politics of Method in Human Sciences: Positivism and Its Epistemological Others*. George Steinmetz, ed., pp. 508–525. Durham: Duke University Press.

Dreze, Jean. 2002. On Research and Action. *Economic and Political Weekly* 37(9): 817–818.

Ghimire, Binod. 2021. Land to Landless is More Political Than a Socioeconomic Issue. *The Kathmandu Post*, September 16. Available at https://kathmandupost.com/national/2021/09/16/land-to-landless-is-more-political-than-a-socioeconomic-issue; accessed January 29, 2023.

Giri, Rabin. 2022. Ground Reality of Landlessness in Nepal. *Nepali Times,* Janury 24. Available at www.nepalitimes.com/here-now/ground-reality-of-landlessness-in-nepal; accessed February 13, 2023.

Mahato, Sanjaya, Bimala Rai Paudyal and Nandita Baruah. 2019. Women in Public Life in Nepal. In *The Politics of Change: Reflections on Contemporary Nepal*. Deepak Thapa, ed., pp. 54–82. Kathmandu: Himal Books.

Martin Chautari. 2019. *Institutional Assessment of Rights-based Advocacy in the Western Tarai*. Research Brief No. 25. Kathmandu: Martin Chautari.

Martin Chautari. 2020. *“Writing as an Activism”: Barefoot Research Initiative in Nepal.* Research Brief No. 29. Kathmandu: Martin Chautari.

Martin Chautari. 2022. *The State of Humanities and Social Sciences: Teaching and Research in the Madhesh Province, Nepal*. Research Brief No. 33. Kathmandu: Martin Chautari.

Martin Chautari. 2023. *"Writing for Advocacy": The Barefoot Research Initiative in the Madhesh Province of Nepal*. Research Brief No. 36. Kathmandu: Martin Chautari.

Tamang, Seira. 2018. "They've Given Us the Chair, But Bound Our Hands and Feet": Embedding Elected Female Representatives in Institutions in Nepal. *Studies in Nepali History and Society* 23(2): 309–352.